**२०७८ साल चैत्र २५ गते शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. प्रदेश पूर्वाधार विकास प्राधिकरणमा प्रमुख कार्यकारी अधिकृत नियुक्ति गर्ने,

२. प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ स्वीकृत गर्ने,

३. सहकारी विकास बोर्डको कार्यकारी उपाध्यक्ष नियुक्त गर्ने,

४. छानविन समिति गठन गर्ने विषयको आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयको

५. मन्त्रालय अन्तर्गत निकायहरुको आ.व.२०७८/७९ को कार्तिक मसान्त सम्म स्वीकृत अस्थायी दरबन्दी लाई आ.व.२०७८/७९को असाढ मसान्त सम्म म्याद थप गर्ने,

६. लैङ्गिक समानता नीति,२०७८ सम्बन्धी मस्यौदाका लागि अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने,

७. पुनर्स्थापना केन्द्रको जग्गा प्राप्तिको लागि स्वीकृति प्रदान गर्ने,

८. ज्येष्ठ नागरिक ग्रामको जग्गा प्राप्तिको लागि स्वीकृति प्रदान गर्ने,

९. दलित अधिकार सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयकको तर्जुमा सम्बन्धमा तयार गरिएको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने,

१०. प्रादेशिक कृषि विकास रणनीति तर्जुमाका लागि सैद्वान्तिक सहमति लिने तथा प्रादेशिक कृषि विकास रणनीति निर्देशक समितिको गठन र काम,कर्तव्य र अधिकार तोक्न स्वीकृत गर्ने,

११. प्रदेश युवा परिषद् विकास समिति (गठन) आदेश, २०७८ स्वीकृत गर्ने,

१२. लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल सञ्चालनका लागि आर्थिक मामिला तथा सहकारी मन्त्रालयले उक्त अस्पताललाई चार करोड रुपैयाँ उपलब्ध गराउने,

१३. झरही नदी तटबन्ध, व्यस्थापनका लागि लागि आर्थिक मामिला तथा सहकारी मन्त्रालयले उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई एक करोड रुपैयाँ उपलब्ध गराउने,

१४. पुथा उत्तरगंगा गाँउपालिकामा उज्यालो कार्यक्रम का लागि आर्थिक मामिला तथा सहकारी मन्त्रालयले पुथा उत्तरगंगा गाँउपालिकालाई पचास लाख रुपैयाँ उपलब्ध गराउने,

१५. लुम्बिनी प्रदेशको प्रदेश सभालाई हालसम्म भवन उपलब्ध गराएवापत नेपाल मानव सेवा समिति शाखा कार्यालय, बुटवललाई रकम उपलब्ध गराउन आर्थिक मामिला तथा सहकारी मन्त्रालयले कानून, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई दश लाख रुपैयाँ उपलब्ध गराउने,

१६. आगलागी जस्ता विपदबाट क्षतिग्रस्त उद्योगलाई सहयोग उपलब्ध गराउन उद्योग प्रवर्द्धन कोषमा जम्मा गर्ने गरि आर्थिक मामिला तथा सहकारी मन्त्रालयले उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई एक करोड रुपैयाँ उपलब्ध गराउने,

१७. माननीय मुख्यमन्त्रीज्यूको सूचना प्रविधि विज्ञलाई सुविधा स्वरुप एक जना हलुका सवारी चालक र घर भाडा वापत मासिक पन्ध्र हजार रुपैयाँ उपलब्ध गराउने,

१८. मिति २०७८/०६/१४ को प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार कानून मस्यौदा तथा सुझाव कार्यदलको कार्यावधि २०७८/१२/१५ सम्म भएकोले सोहि निर्णयानुसार कार्यदलका सदस्यहरुले सेवा सुविधा पाउने गरी ,उक्त कानून मस्यौदा तथा सुझाव कार्यदलको कार्यावधि र सो कार्यदलका सदस्यहरुको पदावधि २०७९ असार मसान्त सम्म थप गर्ने ।